# बौद्ध महाचैत्य, छ्योर्तेन छेन्पो, झ्यारुङ खास्योर चिंतामणिरत्न

**The Great Stupa Boudha (Jyarung Khasyor) A Wish fullfilling Gem.**

༄༅། །དུས་གསུམ་ཕྱོགས་བཅུའི་སངས་རྒྱས་འདུས་ཚོགས་གནས།།
ཆོས་སྐུའི་རྟེན་གྱི་རྣམ་པར་ཤར་བའི་གཟུགས།།
བསྟན་འགྲོའི་ཕན་བདེ་རབ་ཏུ་རྒྱས་པའི་རྟེན།།
བྱ་རུང་ཁ་ཤོར་ཅན་ལ་གསོལ་བ་འདེབས།།

-“अतीत, वर्तमान र भविष्य–

तीनै कालको विशालता‘
र दशै दिशाका सम्पूर्ण बुद्धहरूको उपस्थितिले
आशीर्वादले भरिएको यो पवित्र स्थल।

धर्मकायको सत्य रूप यहाँ प्रकट हुन्छ–
शुद्ध, प्रकाशमान, र सदैव अविचल।

यस स्थानले बौद्ध शिक्षा, साधना
र सबै प्राणीहरूको कल्याण
असीम रूपमा विस्तार गरिरहेको छ।

यही कारण‘
झ्यारुङ-खास्योर, बौद्धमहाचैत्यको यो पवित्रभूमिमा–
हामी विनम्रतापूर्वक
आदर, श्रद्धा र गहिरो कृतज्ञता
अर्पण गर्दछौँ।”

©Shree Boudhanath Area Development Committee

**बौद्ध महाचैत्यको जानकारी**

काठमाडौं उपत्यकाको मात्र नभई सम्पूर्ण नेपालकै एक महत्वपूर्ण बौद्ध धरोहर बौद्ध महाचैत्य काठमाडौं महानगरपालिका वडा नं ६ बौद्धमा अवस्थित छ। यसलाई बौद्धमहाचैत्य, बौद्धनाथ, झ्यारुङ खास्योर, खास्ती चैत्य आदि नामले चिनिन्छ। सन् १९७९ मा विश्वसम्पदा सूचीमा सूचिकृत यो महाचैत्यलाई हिमाली बौद्ध परम्परामा अति नै पूजनीय र दर्शनीय स्थलको रुपमा लिने गरिन्छ।

१५ रोपनी २ आना ३ पैसा क्षेत्रफल ओगटेको यो स्तूपाको उचाई भने (१४१.१६६ फिट)४३.०३ मिटरको रहेको छ। महाचैत्य वरिपरिको प्रदक्षिणा पथको भित्रपट्टि जम्मा १४७ खोपाहरु रहेकाछन् भने ती खोपाहरुमा ६४९ वटा म्हानीखोर्लोहरु रहेकाछन्। परिक्रमापथको परिमिति ३१४.५७८ मिटर रहेकोछ।

स्तूपामा जानका लागि ५ वटा ढोकाहरु रहेकाछन्। त्यसमध्येको पश्चिम तर्फको एक ढोकाबाट प्रवेश गर्न पाइन्छ भने नजिकैको अर्को ढोकाबाट बाहिर निस्कन सकिन्छ। यि दुई ढोकाहरुको बीचमा एउटा मन्दिर रहेको छ। यसलाई स्थानीयहरुले मामथान थान भन्ने गरेको पाइन्छ। स्थानीय तामाङहरुले माम, नेवारहरुले अजिमा भन्ने गरेता पनि अर्थभने हजुरआमा भन्ने नै लाग्दछ। कतिपयले पुक्कसी त कोहि कोहिले भने हारति माता समेत भन्ने गर्दछन्।

प्रदक्षिणापथ भन्दा माथीको क्षेत्रमा पनि भित्रि साँघुरो परिक्रमापथ रहेको छ। प्रदक्षिणा अर्थात परिक्रमा गर्नु भनेको मण्डलको सीमामा प्रवेश गरी शुद्धज्ञानको केन्द्र तर्फ अघि बढ्नु भन्ने पनि बुझिन्छ। यहाँ साना देखि केहि ठूला छ्योर्तेनहरु देख्न सकिन्छ। साथै फूलबारी समेत रहेकोछ। यहाँ लिच्छवीकालिन पाँचवटा साना चैत्यहरु समेत रहेकाछन्।

यसभन्दा माथीको भागलाई मण्डल भनिन्छ। यो अष्टमण्डलकारमा रहेको छ। मण्डलहरु तीन तहमा रहेकाछन्। यसले सम्पूर्ण ब्रम्हाण्डको प्रतिनिधित्व गर्दछ भन्ने मानिन्छ भने पृथ्वी तत्वको रुपमा पनि लिने गरिन्छ। यसको उचाई १.८ मिटरको छ। प्रत्येक पाटो ८३ मिटरको चौडाईमा रहेको यो मण्डल नेपाली वास्तुकलाको उत्कृष्ठ नमूना पनि हो। यसलाई विंशतिकोण मण्डल पनि भनिन्छ।

यसभन्दा माथी गोलो घेरा रहेको छ। यसमा १०८ वटा खोपाहरु रहेकाछन्। जहाँ तथागतका मूर्तिहरु राखिएकाछन्। यहाँ दर्शनार्थीहरुले विशेष अवसरहरुमा बत्ति तथा प्रसाद चढाउने गर्दछन्।

©Shree Boudhanath Area Development Committee

यो भन्दा माथिको गोलो भाग भने डोम हो, यसलाई अण्डज भनिन्छ । यसलाई गर्भ पनि भनिन्छ भने बुम्पा अर्थात कलश पनि भन्ने गरिन्छ । यसले जल तत्वको प्रतिनिधित्व गरेको मानिन्छ । काश्यप बुद्धको अस्थिधातु पनि यहिँ भित्र रहेको विश्वास गरिन्छ । यहि डोमको केहि मुनिबाट बीचमा यस्ठी राखिएको हुन्छ र त्रयोदश भूमिको टुप्पोसम्म पुगेको हुन्छ ।

डोम भन्दा माथीको चारपाटे भागलाई हर्मिका भनिन्छ । यसले अग्नी तत्वलाई प्रतिनिधित्व गरेको मानिन्छ । चारपाटे हर्मिकाको चारै दिशामा दुइदुईवटा आँखा र बीचमा एउटा चिन्ह रहेको छ । आँखाहरुलाई प्रज्ञा र उपायको प्रतीकको रुपमा लिइन्छ भने बीचको प्रश्नचिन्ह जस्तो चिन्हलाई ऊर्णा भनिन्छ । यसले अद्वय र निर्वाणको पथलाई दर्शाउँछ । चारपाटोमा रहेका यी प्रतीकहरुले चतुर्ब्रम्हाविहार अर्थात मैत्री, करुणा, मुदिता र उपेक्षालाई दर्शाउँछ ।

हर्मिका भन्दा माथीको भागलाई त्रयोदशभूमीको रुपमा लिइन्छ । जहाँ १३ वटा तलाहरु रहेकाछन् । सबैभन्दा तलको तहलाई प्रमुदिताभूमी त्यसैगरी विमला, प्रभाकरी, अर्चिस्मती, सुदुर्जया, अभिमुखी, दुरङ्गमा, अचला, साधुमती र धर्ममेघा गरी दशभूमी हुने गर्दछन् भने त्यसभन्दा माथीको तलालाई क्रमशः समन्तभद्र(समन्तप्रभा), निर्लेपपद्मवती (अधिमुक्ति)र वज्रधर भूमी (वज्रभुमी) भन्ने गरिन्छ। यी तहहरुले बुद्ध बन्नका लागि बोधिसत्वहरुले कुनकुन तह पार गर्नु पर्दछ भन्ने जनाउँदछ।

यसभन्दा माथीको गोलो घेरालाई छत्र भनिन्छ। यसले शरणगमनको प्रतिनिधित्व गरेको हुन्छ भन्ने मान्यता रहेकोछ। अर्थात छत्रले त्रिरत्न अर्थात बुद्धरत्न, धर्मरत्न र संघरत्नलाई जनाउने गर्दछ। यसले वायुतत्वको प्रतिनिधित्व गर्दछ भन्ने मान्यता रहेको पाइन्छ।

अन्तमा टुप्पामा रहेको गजुरले निर्वाणलाई जनाउँदछ, यसलाई आकासतत्वको रुपमा समेत लिइन्छ।

मनले चिताएको पुग्ने यो चिन्तामणि रत्नको दर्शनार्थ लाखौं तीर्थालुहरु विभिन्न देश र स्थानहरुबाट आउने गर्दछन्।

यो महाचैत्यलाई बौद्धनाथ क्षेत्र विकास समितिले वि.सं.२०५३ सालदेखि संरक्षण र सम्बर्द्धन गर्दै आइरहेको छ।

©Shree Boudhanath Area Development Committee

## बौद्ध महाचैत्यको इतिहास

बौद्ध महाचैत्यको सम्बन्धमा लेखिएको एउटा महत्वपूर्ण ग्रन्थ पेमाकाथाङ हो । पेमाकाथाङ गुरु पद्मसंभवको जीवनीग्रन्थ हो । यसमा बौद्धमहाचैत्यको निर्माणको बारेमा उल्लेख गरिएको छ । पेमाकाथाङको ५८औं अध्यायमा बौद्ध निर्माणको बारेमा उल्लेख गरिएको छ । अर्को तेरमा तेर्तोन ल्हाचुन ङोन्मो अर्थात ल्हावाङ ग्याछो लोड्रोले फेला पार्नु भएको र पून: लुकाएको र पछि ङाग्छाङ साक्य साङ्पोले पत्ता लगाई सो अनुरुप बौद्धमहाचैत्यको जिर्णोद्धार गर्नु भएको थियो ।

ऐतिहासिक रुपमा हेर्ने हो भने लिच्छवी राजा शिवदेव (सन् ५९०-६०४) शिलालेखको आधारमा बौद्धमहाचैत्यसँग जोडिएको देखिन्छ । तर गोपालराज वंशावलीले खास्ती चैत्यको नाम उल्लेख गर्दै वृषदेव र मानदेवसँग जोडेको देखिन्छ । भोटका विद्वान तोङथाङ ग्याल्पोको १४ औं शताब्दीको उत्तरार्ध र १५ औं शताब्दीको पूर्वार्धको काठमाडौं भ्रमणमा बौद्ध महाचैत्यको झार उखेलेको कुरा परेको देखिन्छ । सत्रौं शताब्दीमा लामा मलिपा र राङरिक रेपाले जिर्णोद्धार गरेका थिए भन्ने इतिहास पनि पाइन्छ । काथोग रिग्जीन छेन्पो छेवाङ नोर्बुले सन १७४८ मा जिर्णोद्धार गरेको पाइन्छ भने सन् १८१८ ताका साब्कर छोग्डुक राङडोलले पनि जिर्णोद्धार गरेको कुरा पाइन्छ । तेमालका राजा रिन्जीन दोर्जे वि.सं. १९१९ मा जिर्णोद्धार गरेको पाइन्छ ।

कतिपयले द्वापर युगमा काश्यप बुद्धको अस्थिधातु राखेको हुनाले काश्यप शब्द अपभ्रंस भई खास्ती भएको भन्ने रहेको छ भने नेवारी शब्द “खसु” र “ति” शब्दको समासबाट पनि खास्ती रहन गएको भन्ने रहेको छ । कतिपयले त भोटको खासा नाम गरेको लामाको अस्थिधातु राखेर बनाईएको हुनाले पनि खास्ती बनेको भनाई रहेको छ । खस राजाहरुको पालामा खसहरुले विशाल स्तुप निर्माण गरेको हुनाले पनि खास्ती नाम रहन गएको भन्ने गरेको पनि पाइन्छ ।

तर महान गुरु ङाग्छाङ साक्य साङ्पोले जिर्णोद्धार गरि सके पश्चात बौद्धमहाचैत्यको नाम र गरिमा बढेको देखिन्छ । उहाँले पत्ता लगाउनु भएको तेरमाको आधारमा बौद्धमहाचैत्यलाई जिर्णोद्धार गर्नु भएको हो ।

भोटको साम्ये गुम्बा निर्माण भए पश्चात राजा ठिसोङ देउचेनले गुरु पद्मसंभवसँग आफ्नो पूर्व जन्मको बारेमा प्रश्न गर्दा उहाँले भन्नु भएको कथा नै बौद्धमहाचैत्यको कथा हो जो निम्न प्रकारको छ ।

©Shree Boudhanath Area Development Committee

आर्यअवलोकितेश्वरको कृपाले देवराज इन्द्रलाई दुईजना पुत्रीलाभ भयो । ठुली गाङमा र सानी गाङछुङमा । सानीले फूल चोरेको पापले पृथ्वीमा पशुपालक सल्वा र पूर्णाको घरमा देछ्योगमा भएर जन्मिइन् । ठुली भएपछि उनले आफ्नो जीवन कुखुरा पालेर धान्ने गर्दथिन् । यसै क्रममा घोडा सुँगुर कुकुर र कुखुरा व्यापारिसँग सम्बन्ध स्थापना गरि चार जना छोराहरुलाई जन्म दिइन् । कुखुरा पालनबाट कमाएको आम्दानीले चार छोरा हुर्काइन् भने बाँकी बचतले स्तुपा बनाउने निर्णय गरिन् । सो अनुसार तत्कालिन राजालाई स्तुपा बनाउने स्थान माग्न गइन् । राजाले पनि स्तुपा बनाउने कार्यलाई हुन्छ भन्ने वचन दिए । स्तुपा निर्माणको कार्य पनि तिव्र रुपले अघि बढ्न थाल्यो र तेस्रो तहको निर्माणको समयमा खैलाबैला मच्चियो । मानिसहरुले कुनै पनि मन्त्रि वा राजाले बनाउन नसक्ने स्तुपा निर्माण गर्न लागेको हुनाले निर्माण कार्य बन्द गर्नु पर्छ भन्ने कुरा पुगेपछि राजाले "हुन्छ" भन्ने वचन खुस्किसकेको हुनाले बनाउन दिनु भन्नेनै कायम रह्यो । यहिँ राजाको वचन खुस्केको हुनाले यसलाई भोट भाषामा "खास्योर" अर्थात वचन खुस्केको भन्ने गरिन्छ। कुखुरापालक झ्याझिमालाई वचन खुस्केको हुँदा झ्यारुङ खास्योरको नामले प्रसिद्ध छ ।

स्तुपा निर्माण गर्दै जाने क्रममा डोमको भाग निर्माण भएपछि देछोग्मा अर्थात झ्याझिमाको मृत्यु भयो, तै पनि चार जना छोराहरुले निर्माणलाई निरन्तरता दिए र निर्माण सम्पन्न गरे । अन्त्यमा, स्तुपाको प्राणप्रतिष्ठा सम्पन्न भए पश्चात सबैले प्रणिधान गर्दा जेठो ताजेबुले धर्मरक्षक राजा बन्ने, माइलो फाग्जेबुले महान भिक्षु बन्ने प्रणिधान, साइलो खिजेबुले मन्त्रधर योगीको रुपमा जन्म लिन सकुँ र कान्छो झ्याजेबुले मन्त्री बन्ने प्रणिधान गरेको हुँदा क्रमशः राजा ठिसोङ देउचेन, शान्त रक्षित, गुरु पद्मसंभव र बामि ठिसेर भइ जन्म लिएको कथा बताउनु भएको पाइन्छ । यस अर्थमा गुरु पद्मसंभव अघिल्लो जन्ममा बौद्धमा नै जन्मिएका थिए भन्ने देखिन्छ ।

बौद्धमा विशेष अवसरहरुमा जात्रा लागेको देखिन्छ। बौद्ध महाचैत्य परिसरमा मनाइने बौद्धसँग सम्बन्धीत जात्राहरुमा तेमालजात्रा, मामला जात्रा, छेच्यु, बुद्धजयन्ती, सागादावा, ल्हाबाब दुइछेन, छ्योखोर दुइछेन, छ्याठुल दुइछेन आदि पर्दछन् ।

बौद्ध महाचैत्यलाई हेरेर मुक्ति हुने तीर्थको रुपमा लिने गरिन्छ । त्यसैगरि मनले चिताएको पुग्ने चिन्तामणि रत्नको रुपमा पनि लिइन्छ । त्यही भएर ताम्बा काइतेनमा एउटा गीत छ, झ्यारुङ खास्योर ज्याल्सामी सेम्री म्हान्बा डुब्ला रो, अर्थात बौद्धमहाचैत्यको दर्शन गऱ्यो भने मनले चिताएको पुग्छ ।

भवतु सर्व मंगलम् ।
श्री बौद्धनाथ क्षेत्र विकास समिति

©Shree Boudhanath Area Development Committee